# व्यवसायिक पशुपन्क्षीपालन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

पशुपालन क्षेत्रमा नगरपालिका भित्र रहेका पशुपालक कृषि उद्यम, कृषक समुह, कृषि सहकारी, कृषि फर्म/कम्पनीहरुको विकास तथा प्रवर्द्धन गरी दुध तथा दुग्ध जन्य पदार्थको उत्पादन तथा उत्पादकत्व वृद्धि, आयआर्जन तथा जीविकोपार्जन सुधार गर्न तथा पशुपालन व्यवसायलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले मध्यनेपाल नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ उपदफा (१) बमोजिम मध्यनेपाल नगर कार्यपालिकाले मिति २०८२/०९/२२ गते पारित गरी जारी गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"व्यवसायिक पशुपन्क्षीपालन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२"** रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिले प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"कार्यक्रम"** भन्नाले व्यवसायिक पशुपन्क्षीपालन कार्यक्रम सम्झनुपर्दछ।

(ख) **"उद्यम"** भन्नाले जीविकाका लागि गरिने उपार्जन वा कुनै उद्धेश्य पूरा गर्नका लागि गरिने शारीरिक परिश्रम सिर्जनात्मक आर्थिक क्रियाकलाप व्यवसाय तथा उद्योगलाई सम्झनुपर्दछ।

(ग) **"कृषक समुह"** भन्नाले मध्यनेपाल नगरपालिका भित्र कार्यक्षेत्र रही प्रचलित कानून बमोजिम यस नगरपालिका वा तोकिएको निकायमा दर्ता, नविकरण तथा आवश्यक प्रक्रिया पूरा गरेको कृषक समुह सम्झनुपर्दछ।

(घ) **"कृषि सहकारी"** भन्नाले मध्यनेपाल नगरपालिका भित्र कार्यक्षेत्र रही प्रचलित कानून बमोजिम यस नगरपालिका वा तोकिएको निकायमा दर्ता, नविकरण तथा आवश्यक प्रक्रिया पूरा गरेको कृषि सहकारी संस्था वा कृषि सम्बन्धी कार्य गर्न तोकिएको सहकारी संस्थालाई सम्झनुपर्दछ।

(ङ) **"कृषि फर्म/कम्पनी"** प्रचलित कानून बमोजिम यस नगरपालिका वा तोकिएको निकायमा दर्ता, नविकरण तथा आवश्यक प्रक्रिया पूरा गरेको कृषि वा पशुपन्छी वा एकीकृत कृषि फर्मलाई सम्झनुपर्दछ।

(च) **"समिति"** भन्नाले यस कार्यविधि बमोजिमका कार्यक्रम/क्रियाकलाप संचालनमा सहजिकरण गर्नका लागि गठित दफा १३ बमोजिमको समितिलाई सम्झनुपर्दछ।

रमेश कुमार पाण्डे
नगर प्रमुख

(छ) **"लाभग्राही"** भन्नाले यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनका लागि छनौट भएका पशुपालन गर्ने उद्धेश्यले प्रचलित कानुन बमोजिम दर्ता भएका निजी फर्म, उद्यमी, समूह, सहकारी तथा कम्पनी सम्झनुपर्दछ।

(ज) **"कार्यालय"** भन्नाले मध्यनेपाल नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

३. **उद्धेश्यः** यस कार्यविधिको उद्धेश्य देहाय बमोजिम हुनेछ।

(क) कृषि क्षेत्रमा युवाहरुको आकर्षण वृद्धि गरी कृषि उद्यम र उद्यमीहरुको विकास गर्ने।

(ख) दुध तथा दुग्ध जन्य पदार्थमा आधारित साना तथा मझौला खालका उद्यम मार्फत रोजगारीका अवसरहरु सिर्जना गर्न सहयोग गर्ने।

(ग) परम्परागत रुपमा गरिदै आएको गाई/भैंसी पालनलाई परिमार्जित गर्दै कृषकहरुलाई व्यवासायिक रुपमा गाई/भैंसी पालनामा अग्रसर हुन प्रेरित गर्ने।

(घ) नगरपालिका भित्र चिस्यान केन्द्र स्थापना गरि स्वच्छ, सफा दुध तथा दुग्धजन्य पदार्थको उत्पादन गरि बिक्रि वितरण गर्ने।

(ङ) आधुनिक प्रविधिको प्रयोग गरि उत्पादनको गुणस्तर तथा मात्रामा वृद्धि गर्ने।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन क्रियाकलाप

४. **सञ्चालनका गरिने क्रियाकलापहरुः**

यस कार्यविधि बमोजिम कार्यान्वयन हुने कार्यक्रमहरुमा देहाय अनुसारका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(क) आधुनिक गोठ निर्माण, मर्मत तथा सुधार,

(ख) नश्ल सुधार (कृत्रिम गर्भाधान तथा कृत्रिम गर्भाधन गर्दा आवश्यक सामग्री खरिद),

(ग) उच्च प्रजनन् मान भएका गाई/भैंसी खरिद तथा ढुवानी,

(घ) पशुपालनका लागि यन्त्र, उपकरण, औजार सहयोग,

(ङ) दुध संकलन (चिस्यान सहितको) केन्द्र स्थापना,

(च) दुध उत्पादक कृषकहरुलाई प्रोत्साहनका लागि दुध उत्पादनमा आधारित प्रोत्साहन सहयोग (प्रति लिटर रु १० सम्म)

(छ) पशु आहार व्यवस्थापन (बिउ, बेर्ना तथा साइलेज खरिद)

(ज) आन्तरीक तथा बाह्य परजिवी नियन्त्रण, औषधी खरिद, खोप कार्य, खोप भण्डारण तथा व्यवस्थापन,

(झ) जौविक सुरक्षा सम्बन्धी कार्यहरु,



रमेश कुमार पाण्डे
नगर प्रमुख

(ञ) कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, होर्डिङ बोर्ड, प्रतिवेदन र प्राविधिक सेवा टेवा,

(ट) पशु स्वास्थ्य शिविर सम्बन्धि क्रियाकलाप,

(ठ) कृषकहरुको मागमा आधारित कार्यक्रमहरु,

(ड) दुग्ध प्रशोधन तथा विविधिकरण सम्बन्धि कार्यक्रम

## परिच्छेद ३

## कार्यक्रम सञ्चालन विधि तथा प्रकिया

५. **कार्यक्रम सञ्चालन गर्ने निकाय र कार्यक्षत्रः** यो कार्यक्रम मध्यनेपाल नगरपालिका मातहतको पशु सेवा शाखा मार्फत सञ्चालन हुनेछ र स्वीकृत वार्षिक कार्यक्रममा उल्लेख भए अनुसारका वडाहरु यो कार्यक्रमको कार्यक्षेत्रको रुपमा रहनेछन्।

६. **प्रस्ताव आव्हानः** (१) कार्यालयले अनुसूची-१ बमोजिमको ढाँचामा पन्ध्र (१५) दिनको समायसीमा तोकी सार्वजनिक सूचना मार्फत प्रस्ताव आव्हान गर्नुपर्नेछ। सूचनामा अनुसूची - ४ बमोजिमको लाभग्राही छनौट सम्बन्धी मापदण्ड बारेमा समेत सुसूचित गर्नु पर्नेछ।

७. **आवेदन पेश गर्ने** : (१) दफा ६ बमोजिमको सुचनाको अधिनमा रही ईच्छुक आवेदकले अनुसूची - २ बमोजिमका ढाँचामा तोकिएका कागजात समेत संलग्न गरि निवेदन र अनुसूची -३ बमोजिमको संक्षिप्त कार्ययोजना सहित आवेदन पेश गर्नुपर्नेछ।

८. **लाभग्राही छनौट** : (१) रितपूर्वक प्राप्त प्रस्तावको मुल्याङ्कन तथा छनौटका लागि दफा १३ को उपदफा (१) बमोजिमको समितिले अनुसूची - ४ बमोजिम मुल्याङ्कन तथा छनौट सम्बन्धी कार्य गर्नेछ।

९. **प्रस्तावको सम्झौता र कार्यदिशः**

(१) दफा ८ बमोजिम स्वीकृत भएका लाभग्राहीहरुको सूची प्रकाशन गरी ७ दिन भित्र सम्झौताको लागि सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत प्रस्ताव अनुसार कार्यक्रम सञ्चालनका लागि लाभग्राहीसँग आवश्यक छलफल गरी कार्यालयले अनुसूची - ५ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(३) छनौटमा परेका लाभग्राहीले सम्झौता बमोजिम सञ्चालन गरिने क्रियाकलापहरुको समयसीमा सहितको कार्ययोजना पेश गर्नु पर्नेछ। यसै सम्झौता र कार्ययोजना बमोजिम कार्यालयले कार्यक्रम सञ्चालनका लागि कार्यदिश दिनु पर्नेछ।



रमेश कुमार पाण्डे
नगर प्रमुख

मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोटेओडार, लमजुङ
गण्डकी प्रदेश
२०७३

(४) सम्झौतामा उल्लेख भएका शर्त र स्वीकृत प्रस्ताव बमोजिम लाभग्राहीले यस कार्यविधि र प्रचलित कानुन तथा नर्म्सको अधिनमा रही क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ र सम्झौता बमोजिमका शर्तहरु पालना गर्नु दुबै पक्षको जिम्मेवारी हुनेछ।

**१०. अनुदानको सीमा तथा तथा खर्च :**

(१) यस कार्यविधि बमोजिमका क्रियाकलाप सञ्चालन गर्दा लागत अनुमानको आधारमा देहाय बमोजिम अनुदान सिमा भित्र रही सञ्चालन गर्नुपर्नेछ।

(क) पूर्वाधार निर्माण तथा औजार उपकरण खरिदमा लागत अनुमानको बढीमा ७५% प्रतिशत सम्म अनुदान।

(ख) उन्नत गाई/भैंसी खरिद तथा ढुवानी, पशु आहार व्यवस्थापन सम्बन्धमा लागत अनुमानको बढीमा ५०% प्रतिशत सम्म अनुदान।

(ग) नश्ल सुधार, आन्तरीक तथा बाह्य परजिवी नियन्त्रण, औषधी खरिद, खोप कार्य तथा खोप भण्डारण तथा व्यवस्थापन, जौविक सुरक्षा सम्बन्धी कार्यहरु, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, होर्डिङ बोर्ड, प्रतिवेदन र प्राविधिक सेवा टेवा लगायतमा शत प्रतिशत सम्म अनुदान। उल्लेखित क्रियाकलापहरु आवश्यकताको आधारमा पशु सेवा शाखाले आफै सञ्चालन गर्न सक्नेछ।

(घ) दुध संकलन केन्द्र स्थापना कार्यक्रमका लागि निजी फर्मको हकमा लागत अनुमानको बढीमा ७५% प्रतिशत र समूह/सहकारीको हकमा लागत अनुमानको बढीमा ९०% प्रतिशत।

(२) कार्यक्रम सञ्चालन गर्दा अन्य खर्च सम्बन्धि विषय प्रचलित कानुन र खर्च सम्बन्धि स्वीकृत मापदण्ड को अधिनमा रही गर्नुपर्नेछ।

**११. अनुदान भुक्तानी :**

(१) कार्य सम्पन्न भए पश्चात सम्बन्धित लाभग्राहीले आवश्यक कागजातहरु समावेश गरी भुक्तानी लागि कार्यालयमा माग पेश गर्नु पर्नेछ।

(२) अनुदान भुक्तानी गर्दा प्रचलित कानून बमोजिम करकट्टा गरी भुक्तानी योग्य रकम कार्यालयले लाभग्राहीको बैङ्क खातामा भुक्तानी गर्नु पर्नेछ।

(३) स्वीकृत लागत अनुमान र सम्झौतामा उल्लेख भएको कूल लागत साझेदारी रकम भन्दा बढी रकम खर्च भएको अवस्थामा सम्झौताभन्दा बढी खर्च हुन आएको रकम लाभग्राही स्वयंले व्यहोर्नु पर्नेछ।



रमेश कुमार पाण्डे
नगर प्रमुख

(४) लाभग्राहीले स्वीकृत प्रस्ताव अनुसारका क्रियाकलाप सञ्चालन भएको रकम तथा बिल भर्पाईहरुको लेखा राख्नु पर्नेछ। कार्यक्रम सञ्चालन गर्दा खर्च भएको कुल रकम र सम्बन्धित बिल भर्पाईहरुको छाँयाप्रति आफूसँग राखी सक्कल बिल भर्पाईहरु अनुदान भुक्तानी र लेखापरिक्षणको लागि कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(५) लाभग्राहीले सम्झौता अनुसारको काम सम्पन्न गरे पश्चात अनुसूची - ६ बमोजिमको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन र कार्यक्रम सञ्चालन भएको वडाको सिफारिस पत्र समेत राखी भुक्तानीका लागि निवेदन पेश गर्नु पर्नेछ।

(६) कार्य सम्पन्न प्रतिवेदन, अनुगमन मूल्याङ्कन प्रतिवेदन, गाई/भैंसी खरिदको हकमा बीमा गरेको कागजात र आवश्यकता अनुसार भेटेरिनरी प्रमाण पत्रको साथमा अन्य प्राप्त कागजातको आधारमा कार्यालयबाट भुक्तानी गरिनेछ।

**१२. कार्यक्रम निर्देशक समितिः-** कार्यक्रमको सुसञ्चालन एवं कार्यान्वयनको समग्र निर्देशन, नियन्त्रण र सहजीकरण गर्नका लागि **मध्यनेपाल नगरपालिकाको कृषि व्यवसाय प्रबर्द्धन ऐन,२०७४ को परिच्छेद-३, दफा ६ को उपदफा (२)** बमोजिम गठित देहाय बमोजिमको **कृषि व्यवसाय प्रबर्द्धन समितिले** यस कार्यविधि अनुरुप सञ्चालन हुने कार्यक्रमहरुको निर्देशक समितिको रुपमा काम गर्नेछ।

(क) नगर प्रमुख -संयोजक

(ख) कृषि क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य मध्ये २ जना - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) नगरपालिका स्तरीय खाद्य सुरक्षा समितिको अध्यक्ष वा संयोजक - सदस्य

(ङ) नगर प्रमुखले मनोनित गरेको विज्ञ सदस्य एक जना - सदस्य

(च) व्यावसायिक कृषक मध्ये नगर प्रमुखले मनोनित गरेको २ जना - सदस्य

(छ) नगरपालिकाको कृषि विभाग वा कृषि महाशाखा वा शाखा प्रमुख - सदस्य-सचिव

**१३. कार्यान्वयन समितिः-** (१) कार्यक्रम कार्यान्वयन गर्न देहाय बमोजिमको कार्यान्वयन समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) प्रमुख आर्थिक प्रशासन शाखा - सदस्य

(ग) प्रमुख, प्राविधिक शाखा - सदस्य

(घ) प्रमुख, कृषि शाखा प्रमुख - सदस्य

(ङ) प्रमुख, योजना शाखा - सदस्य

(च) प्रमुख, सुचना प्रविधि शाखा - सदस्य

(छ) प्रमुख, पशु सेवा शाखा - सदस्य-सचिव

(२) कार्यान्वयन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र समितिको बैठक सञ्चालन तथा निर्णय सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।



मध्यनेपाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय भोटेटार, लमजुङ गण्डकी प्रदेश २०७३

रमेश कुमार पाण्डे नगर प्रमुख

(३) कार्यक्रमको कार्यान्वयन सम्बन्धमा निर्देशक समितिद्वारा प्राप्त निर्देशनहरुको आवश्यकता, औचित्यता र उपयुक्तताका आधारमा कार्यान्वयन समितिले पूर्ण वा आंशिक रुपमा कार्यान्वयन वा निर्देशनको पालना गर्नुपर्नेछ।

(४) बैठकमा कार्यान्वयन समितिले कार्यक्रमको विषय सँग सम्बन्धित निकायका कर्मचारी वा प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ।

(५) कार्यान्वयन समितिको मुख्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्-

(क) कार्यक्रमलाई कार्यान्वयन गर्ने, प्राप्त प्रस्तावहरुको मूल्यांकन एवंम् छनौट सम्बन्धी कार्य गर्ने

(ख) कार्यक्रम कार्यान्वयनमा आईपरेका समस्याहरुको समाधान गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनका लागि अन्य सरोकारवाला निकाय/निकायका प्रतिनिधिहरु सँग आवश्यक समन्वय, सहकार्य एवं सहजिकरण गरी कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने,

(६) समितिले प्राप्त प्रस्ताव उपर अनुसूची - ४ बमोजिम तथा आवश्यकता अनुसार थप मापदण्ड तयार गरि प्रस्तावको मूल्याङ्कन गर्न सक्नेछ।

(७) समितिले प्रस्ताव मूल्याङ्कन गर्दा आवश्यकता अनुसार स्थलगत प्रमाणीकरण गर्नु पर्नेछ।

## परिच्छेद ४

## विविध

**१४. अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदनः**

(१) कार्यालयले यस कार्यविधि बमोजिम सञ्चालन हुने क्रियाकलापहरुको अनुगमन तथा मुल्याङ्कन गर्नु पर्नेछ।

(२) कार्यालयले निर्दिष्ट ढाँचामा स्वीकृत प्रस्तावहरुको प्रगति विवरण अद्यावधिक गरी नगरपालिकामा प्रतिवेदन दिनु पर्नेछ।

**१५. प्रचलित कानुन बमोजिम हुनेः**

(१) यस कार्यविधि बमोजिमका क्रियाकलाप यसै कार्यविधि बमोजिम सञ्चालन हुनेछ।

(२) यस कार्यविधि बमोजिमको अनुदान प्राप्त गर्ने लाभग्राहीले उक्त अनुदान रकमको दुरुपयोग गरेमा वा असम्बन्धित क्षेत्रमा खर्च गरेको पाइएमा प्रचलित कानुन बमोजिम हुनेछ।

## अनुसूची - १

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**<u>प्रस्ताव आव्हानको सूचना</u>**

............ प्रकाशन मिति ...............

यस कार्यालयको आ.व ...................... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्थानीय तहमा हस्तान्तरण भएको विशेष अनुदान कार्यक्रम अन्तर्गत व्यवसायिक पशुपन्छी पालन कार्यक्रम सञ्चालन कार्यविधि २०८२ बमोजिम देहायका कार्यक्रमहरु साझेदारी गर्न इच्छुक निजी फर्म, उद्यमी, समूह तथा सहकारीले यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस कार्यालयमा आवश्यक कागजातहरु सहित प्रस्ताव दर्ता गर्नहुन आव्हान गरिन्छ। साथै रित नपुगी वा म्याद नाघी प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.स | कार्यक्रमको नाम | संख्या | कुल बजेट रु. | अनुदान प्रतिशत रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

<u>आवश्यक कागजातहरु :</u>

१. अनुसूची - २ बमोजिम निवेदन

२. नेपाली नागरिकताको प्रतिलिपि र स्थायी लेखा नम्बर प्रमाणको प्रतिलिपि,

३. अनुसूची - २ बमोजिम संक्षिप्त कार्ययोजना

४. सम्बन्धित निकायमा दर्ता/नवीकरण भएको प्रमाणको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

५. कार्ययोजना अनुरुपको योग्यता, तालिम र अनुभव जनाउने कागजात,

६. समूह/सहकारीको हकमा कार्यसमितिको कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि, गत आ.व. को लेखापरिक्षणको प्रतिलिपि र संचालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

७. यसै प्रकृतिको कार्यका लागि अघिल्लो दुई आ.व. मा अनुदान प्राप्त गरे नगरेको स्व-घोषणा पत्र,

८. सम्बन्धित वडा कार्यालयको सिफारिस,

कुमार पाण्डे
नगर प्रमुख

## अनुसूची - २

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित

मितिः..............................

श्री................................,
मध्यनेपाल नगरपालिका
भोर्लेटार, लमजुङ।

**विषयः प्रस्ताव पेश गरिएको बारे।**

तहाँ कार्यालयको मिति............................................ गतेको सूचना अनुसार ....................................... कार्यक्रममा साझेदारी गर्न ईच्छुक भई प्रस्तावित कार्ययोजना र आवश्यक कागजातहरु संग्लन राखी यो निवेदन पेश गरेको छु। कार्यक्रममा नियमानुसारको लागत साझेदारी गर्ने तथा प्राप्त अनुदानको सदुपयोग गरि समयमा कार्य सम्पन्न गर्ने प्रतिवद्दता समेत व्यक्त गर्दछु।

फर्म/समुह/सहकारीको नामः

निवेदकको नामः

दस्तखतः

सम्पर्क नं :

अनुसूची - ३

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित

## संक्षिप्त कार्ययोजना

१. आवेदकको विवरण

| | |
|---|---|
| आवेदकको नाम र ठेगाना | |
| सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं | |
| कार्यक्रम सञ्चालन हुने स्थान | |
| लाभान्वित (कार्यक्रममा सहभागी हुने) घरधुरी संख्या | |
| दर्ता भएको भए दर्ता गर्ने निकाय र मिति | |

२. हालको व्यवसायिक संलग्नता

| | |
|---|---|
| हाल संलग्न व्यवसायको नाम | |

| क्र.स. | हाल संचालित क्रियाकलापहरु |
|---|---|
| | |
| | |

| मुख्य उत्पादन र कारोबार विवरण | | |
|---|---|---|
| हाल उत्पादन गर्ने गरिएको वस्तुहरु | वार्षिक परिमाण | कारोबार रकम |
| | | |
| | | |

| | |
|---|---|
| व्यावसायबाट सिर्जित रोजगारी सङ्ख्या | |

कुमार पाण्डे
नगर प्रमुख

मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोटेटार, लमजुङ
गण्डकी प्रदेश
२०७३

३. प्रस्तावित व्यवसायको विवरण

| | |
|---|---|
| सञ्चालन गरिने व्यवसाय | |

| | |
|---|---|
| सञ्चालन गरिने क्रियाकलापहरु | |

| क.स. | प्रस्तावित क्रियाकलापहरु | इकाई | परिमाण | दर | कुल लागत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

बजारीकरण योजना

| क.स. | |
|---|---|
| | |
| | |

लागत साझेदारी विवरण

| आवेदकले व्यहोर्ने रकम रु. | अनुदान रकम रु. | कुल जम्मा रु. |
|---|---|---|
| | | |

४. प्रस्तावित क्रियाकलाप सम्पन्न भए पश्चात हासिल हुने अपेक्षित उपलब्धिहरु

क.

ख.

ग.

घ.

मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोटेटार, लमजुङ
गण्डकी प्रदेश
२०७३

रमेश कुमार पाण्डे
नगर प्रमुख

## अनुसूची - ४

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**मूल्याङ्कनको आधार**

प्रस्ताव मूल्याङ्कन फाराम

| क.स | विवरण | अङ्कभार | प्रासाङ्क |
|---|---|---|---|
| १ | **आवेदकको कार्य अनुभव**<br>क. ३ वर्ष वा सो भन्दा कम काम अनुभव - ७ अङ्क<br>ख. ३ वर्ष भन्दा बढी काम अनुभव - १० अङ्क | १० | |
| २ | **फार्मको क्षमता र गाई/भैंसी संख्या**<br>दुई वटा माउ गाई/भैंसी भएमा ८ अङ्क र प्रति थप दुई माउ गाई/भैंसीको लागि १ का दरले अङ्क थप गर्दै अधिकतम १५ अङ्क | १५ | |
| ३ | **गोठ फार्म परिसर आहाराको सुनिश्चितता र पशु संख्या बीच तादाम्यता**<br>क. हाल रहेका पशुलाई आवश्यक पर्ने आहारा पर्याप्त हिसाबले सुनिश्चित गरेको - ५ अङ्क<br>ख. हाल रहेका पशुलाई आवश्यक पर्ने आहारको पर्याप्तता सुनिश्चितता नभएको - ३ अङ्क | ५ | |
| ४ | **सामाजिक, भौगोलिक र वातावरणीय पक्ष तथा बजारीकरणको हिसाबले गाई/भैंसीपालनको सम्भाव्यता**<br>क. उच्च सम्भाव्यता भएको - १० अङ्क<br>ख. मध्यम सम्भाव्यता भएको - ७ अङ्क<br>ग. न्यून सम्भाव्यता भएको - ५ अङ्क | १० | |
| ५ | कार्ययोजनामा प्रस्तावित क्रियाकलापहरुको सान्दर्भिकता, आवश्यकता, लागत, व्यवसायको दिगोपना, कार्यक्रमसँगको तालमेल (अनुगमन टोलीको स्थलगत अनुगमन गरी १ देखि १५ सम्म अङ्क सिफारिस गर्ने) | १५ | |
| ६ | **आवेदकको प्रतिनिधित्व**<br>क. दलित समुदायको भएमा - ५ अङ्क<br>ख. अन्य भएमा - ३ अङ्क | ५ | |
| ७ | **वैदेशिक रोजगारी सम्बन्धी**<br>क. आवेदक विगत ५ वर्ष भित्र वैदेशिक रोजगारीबाट फर्किएर गाईभैंसीपालनमा संलग्न भएको - ५ अङ्क<br>अन्यको हकमा - ३ अङ्क | ५ | |
| ८ | **आवेदकको आर्थिक अवस्थाः** | ५ | |



रमेश कुमार पाण्डे
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | क. आवेदक नगरपालिकाबाट तोकिए बमोजिम विपन्न परिवारबाट भएमा - ५ अङ्क<br>ख. अन्यको हकमा - ३ अङ्क | | |
| ९ | **अनुदानको अवस्थाः**<br>क. विगत २ आर्थिक वर्षमा नगरपालिका वा अन्य निकायबाट उस्तै प्रकृतिको क्रियाकलापको लागि अनुदान प्राप्त नगरेको - १० अङ्क<br>ख. विगत २ आर्थिक वर्षमा नगरपालिका वा अन्य निकायबाट उस्तै प्रकृतिको क्रियाकलापको लागि अनुदान प्राप्त गरेको - ७ अङ्क | १० | |
| १० | **रोजगारीको अवसर**<br>क. एकाघर बाहेकको व्यक्तिलाई रोजगारी उपलब्ध गराएको - ५ अङ्क<br>ख. एकाघरको परिवारको सदस्य बाहेक रोजगारी उपलब्ध नभएको - ३ अङ्क | ५ | |
| ११ | **संक्षिप्त कार्ययोजना सम्बन्धी प्रस्ताव** (नवीनतम सोच, बजार योजना, भावी योजना आदि मूल्याङ्कन गरी १ देखि ५ अङ्क सम्म प्रदान गर्न सक्ने) | ५ | |
| | **जम्मा** | १०० | |

## मूल्याङ्कनकर्ताको राय, सुझाव

| | |
|---|---|
| १ | |
| २ | |
| ३ | |

**प्रस्ताव मूल्याङ्कन समितिका सदस्यहरुको नाम र दस्तखत**

| क.स | नाम | दस्तखत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

आमन्त्रित सदस्यः

१.

२.

३.

लाभग्राहीको नामः

ठेगानाः

सम्पर्क नं :

दस्तखतः

मितिः

रमेश कुमार पाण्डे
नगर प्रमुख

## अनुसूची - ५

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित

### <u>द्विपक्षीय सम्झौताको ढाँचा</u>

आर्थिक वर्ष २०८२/०८३ को **व्यवसायिक पशुपन्क्षी पालन कार्यक्रम** सञ्चालन गर्न आज मिति...................... को दिन श्री मध्यनेपाल नगरपालिका नगर कार्यापालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र श्री ................................................................ (यसपछि दोस्रो षक्ष भनिने) बिच तपसिल बमोजिमका शर्त अधिनमा रहि कार्यक्रम सञ्चालनगर्न यो द्विपक्षीय सम्झौता सम्पन्न गरियो।

<u>तपसिल</u>

१. यो सम्झौता, सम्झौता भएको मितिबाट लागु हुनेछ।

२. दोस्रो पक्षले यसै सम्झौतामा संलग्न स्वीकृत प्रस्ताव/इष्टिमेट बमोजिमको कार्यहरु पहिलो पक्षबाट सल्लाह एवम् सुझाव लिई मिति ................................ गते सम्ममा कार्य सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

३. कार्य सञ्चालनपूर्व दोस्रो पक्षले प्रथम पक्षबाट उपलब्ध हुने अनुदान रकम र दोस्रो पक्षले व्यहोर्नुपर्ने न्यूनतम रकमबाट हुन आउने कुल रकम बराबरको लागत ईष्टिमेट तयार गरी प्रथम पक्षलाई जानकारी दिर्नुपर्नेछ।

४. दोस्रो पक्षले कार्य सम्पन्न गरी कार्यसम्पन्न प्रतिवेदन, वडा कार्यालयको कार्यसम्पन्न सिफारिस र आवश्यक बिल भरपाई सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष निवेदन पेश गर्नु पर्नेछ। दोस्रो पक्षबाट भुक्तानीका लागी निवेदन प्राप्त भएपछि पहिलो पक्षले कार्य सम्पन्न भए नभएको एकीन गर्न स्थलगत अनुगमन गर्नेछ र कार्य प्रगति प्रतिवेदनका आधारमा अनुदान रकम भुक्तानीको व्यवस्था मिलाउनेछ।

५. प्रथम पक्षले दोस्रो पक्षलाई सम्झौता बमोजिमको कार्य सम्पन्न भए पश्चात कार्यसम्पन्न प्रतिवेदनको आधारमा अधिकतम रु .........................(अक्षरेपी.......................................) वा कुल लागतको बढीमा ...........% बराबरको रकम जुन कम हुन आँउछ सो बराबरको रकम उपलब्ध गराउनेछ। भुक्तानी हुने रकममा नियमानुसार लाग्ने कर कट्टा गरिनेछ।

६. दोस्रो पक्षले सञ्चालनगर्ने कार्य पश्चातको फोटोहरु भुक्तानी माग गर्ने क्रममा संलग्न राखी पेश गर्नुपर्नेछ।

७. प्रथम पक्षले दोस्रो पक्षले सञ्चालनगर्ने क्रियाकलापहरुबारे जुनसुकै बखत अनुगमन तथा निरीक्षण गर्न सक्नेछ र सो सयममा दोस्रो पक्षले अनुगमनको लागि आवश्यक सहयोग गर्नुपर्नेछ।

८. यस सम्झौतामा उल्लेखित कार्य गर्दा कुनै प्राकृतिक प्रकोप र भवितव्यबाट हुन सक्ने क्षति प्रति पहिलो पक्ष जिम्मेवार हुने छैन ।

९. दोस्रो पक्षले समयमा कार्य सम्पन्न नगरेमा वा सम्झौता अनुसारको कार्य नगरेमा प्रथम पक्ष भुक्तानी दिन बाध्य हुने छैन।

१०. कार्यक्रम सञ्चालनस्थलमा सबैले देख्ने गरी अनुसूची- ७ बमोजिमको सूचना पाटी अनिवार्य रुपमा राख्नु पर्ने।

११. कार्यक्रम सञ्चालनको दौरान कुनै परिमार्जन गर्नुपरेमा वा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी सहमति अनुसार गर्नुपर्नेछ।

१२. यस सम्झौतामा उल्लेख नभएका अन्य विषयहरु व्यवसायीक पशुपन्क्षीपालन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

| **दोस्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको नामः | कार्यालयः |
| संस्थाको छापः | कार्यालयको छापः |
| **रोहवर** | **रोहवर** |
| हस्तक्षर | हस्तक्षर |
| नामः | नामः |
| पदः | पदः |

ईति सम्वत्.....................साल......................महिना .....................गते रोज ............शुभम्

रमेश कुमार पाण्डे
नगर प्रमुख

## अनुसूची - ६

(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

श्रीमान् प्रमुख ज्यू

मध्यनेपाल नगरपालिका, भोर्लेटार, लमजुङ।

विषयः कार्य सम्पन्न प्रतिवेदन पेश गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस कार्यालयसँग मिति ...................... मा भएको सम्झौता बमोजिम व्यवसायीक पशुपन्क्षीपालन कार्यक्रम सञ्चालनका लागि म/हामी ...................................... ले स्वीकृत प्रस्ताव बमोजिमका देहाय अनुसारका क्रियाकलापहरु सम्पन्न गरिसकेकोले सम्पादित कार्य विवरण खुल्ने तपसिल बमोजिमको कार्य सम्पन्न प्रतिवेदन आवश्यक कारवाहीका लागि पेश गरेको छु/छौं।

तपसिल

१. कार्यक्रमको नामः

२. कार्यक्रम शुरु गरिएको मितिः

३. कार्यक्रम सम्पन्न गरिएको मितिः

४. कार्यक्रम सञ्चालन गरिएको स्थानः

५. कार्यक्रम सञ्चालन गरेको लाभग्राहीको नाम थर र सम्पर्क नः

६. सञ्चालित कार्यक्रमको कुल लागतर रुः

७. अनुदान माग गरिएको रुः

८. लाभग्राहीको लगानी रुः

९. कार्यक्रम सञ्चालनका क्रम सम्पादित प्रमुख क्रियाकलाप सम्बन्धी विवरणः

| क्र.स | सम्पादित क्रियाकलाप | कार्य सम्पन्न प्रगति | कुल खर्च रकम रु | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

- अन्य विवरण तथा सल्लाहा सुझावः

यस कार्यालयसँग भएको मिति ................ को सम्झौता बमोजिम माथि उल्लेखित क्रियाकलापहरु सम्पन्न भए/गरेको ठिक साँचो हो भनी स्वःघोषणा गर्दछु।

निवेदक

नाम थर :

ठेगानाः

सम्पर्क न

रमेश कुमार पाण्डे
नगर प्रमुख

## अनुसूची - ७

## <u>सुचना पाटीको ढाँचा</u>

(साइजः ३ फिट × २ फिट)

गण्डकी प्रदेश

मध्यनेपाल नगरपालिका

वडा नं. ...., लमजुङ

१. कार्यक्रमको नामः

२. अनुदानग्राहीको नामः

३. ठेगानाः

४. कार्यक्रमको कूल लागत रुः

५. अनुदान रकम रुः

६. अनुदानग्राहीको योगदान रुः

# स्वघोषणा पत्र

लिखितम म/हामी गण्डकी प्रदेश लमजुङ जिल्ला मध्यनेपाल नगरपालिका वडा नं ..................मा संचालित फर्म/सहकारी/समुहको तर्फ बाट यो स्वघोषणा गर्दछुकी मैले तथा मेरो एकाघरको परिवारको नाममा स्थापना भएको कृषि तथा पशु फर्मको सञ्चालन, विस्तार तथा अन्य सम्बन्धित कुनै प्रयोजनको लागी यसै कार्यालय तथा अन्य कुनै कार्यालयबाट अघिल्ला दुई आर्थिक वर्षमा तपसिल अनुसारको अनुदान रकम प्राप्त गरेको छु। उल्लेखित व्यहोरा झुटा ठहरेमा म/हामी प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला भनि बिना करकाप राजी खुसीले यो स्वघोषणा लेखी सही छाप गरी श्री मध्यनेपाल नगरपालिका भोर्लेटार,लमजुङमा पेश गरेको छु ।

ईति सम्वत् ...............साल................महिना........ गते रोज........शुभम् ।

तपसिल

हालसम्म प्राप्त गरेको अनुदानको विवरण

| क्र.सं | अनुदानको विवरण | अनुदान प्राप्त गरेको कार्यालय | आ.व.२०८०/८१ मा प्राप्त गरेको रकम | आ.व. २०८१/८२ मा प्राप्त गरेको रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

नामः

फर्म/समुह/सहकारीको नामः

आवेदकको नाम :

हस्ताक्षरः

मितिः दायाँ बायाँ छाप